# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

प्रेस नोट

मिति: ३० सेप्टेम्बर २०२४

**एनआरएनए आइसीसीको सयौँ (१०० औं) बैठक**

गैरआवासीय नेपाली संघ (एनआरएनए) **अन्तर्राष्ट्रिय समन्वय परिषद् (ICC) को १०० औं बैठक (आइसीसी र एनसीसी संयुक्त आपतकालिन बैठक)** मिति ३० सेप्टेम्बर २०२४ सोमबार भर्चुअल माध्यमबाट सम्पन्न भयो । डा. बद्री केसीको अध्यक्षता र उपमहासचिव सोम सापकोटाद्वारा सञ्चालित यस बैठकमा आइसीसी तथा एनसीसी पदाधिकारीहरु सल्लाहकार, मानार्थ परिषद् तथा पदाधिकारीहरू र सदस्यहरू उपस्थित भई देहायबमोजिमका महत्वपूर्ण छलफल र निर्णयहरू गरिएका छन् ।

*गैरआवासीय नेपाली संघको मिति २०८१ असोज १४ तदनुसार ३० सेप्टेम्बर २०२४ सोमबार बसेको १०० औं अन्तर्राष्ट्रिय समन्वय परिषद् बैठकको निर्णयहरु :*

| मुख्य एजेन्डा | निर्णय |
|---|---|
| आपतकालीन राहत प्याकेज घोषणा | *नेपालमा अविरल वर्षाका कारण आएको बाढी, पहिरो र भूक्षयबाट सिर्जित आपतकालीन अवस्थालाई ध्यानमा राख्दै, ICC पदाधिकारी तथा केन्द्रीय परिषद्ले देहायबमोजिमको निर्णय गरेको छ :*<br><br>क) नेपालमा अविरल वर्षाका कारण आएको बाढी, पहिरो र भूक्षयबाट प्रभावितका लागि आइसीसी पदाधिकारी तथा केन्द्रीय परिषद्ले पहिलो चरणमा तत्काल कम्तिमा रु १ करोडको राहत प्याकेज घोषणा गर्ने ।<br><br>ख) विभिन्न क्षेत्रीय संयोजकहरूलाई ३ दिनभित्र आफ्ना क्षेत्रमा राहत संकलन अभियान सञ्चालन गर्न निर्देशन दिने ।<br><br>ग) आइसीसी र एनसीसीबाट उठेको राहत रकम १५ दिनभित्र केन्द्रको खातामा उपलब्ध गराउनुपर्ने ।<br><br>घ) एनआरएनएको ब्यानरमा सबै ICC र NCC प्रतिनिधिसहित प्रभावित स्थलहरूमा पुगेर आवश्यक खाद्य सामग्रीसहित राहत प्याकेज वितरण गर्ने।<br><br>ङ) अध्यक्ष डा. बद्री के.सीले ४ अक्टोबरदेखि नेपालमा राहत टिमको नेतृत्व गर्दै फिल्डमा खटिने ।<br><br>च) बैठकले वर्षाका कारण उत्पन्न विपद्का घटनामा ज्यान गुमाएकाहरूलाई श्रद्धाञ्जली व्यक्त गर्दै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । यसअघि आइसीसी सचिवालय बैठकले प्रभावित क्षेत्रको क्षति अध्ययन गर्न काठमाण्डौंमा रहेका सोम सापकोटा र कृष्ण तिमल्सिनासहितको समिति गठन गरेको थियो । उक्त समितिले आफ्नो प्रतिवेदन अन्तर्राष्ट्रिय परिषद् (केन्द्रीय समिति) बैठकमा प्रस्तुत गरेको थियो । साथै, विश्वभर रहेका एनआरएनहरूलाई सकेसम्म छिटो नेपाल आएर सहयोग गर्न आह्वान गरिएको छ । |

| | |
|---|---|
| राष्ट्रिय समन्वय परिषद् पोर्चुगल र मलेसियाको नेतृत्वमा देखिएको समस्या समाधान तथा नेतृत्व हस्तानतरण सम्बन्धमा | यस बैठकमा एनसीसी मलेसिया, पोर्चुगल लगायतका देशहरूमा नेतृत्व हस्तान्तरण सम्बन्धमा छलफलका क्रममा निम्नानुसार निर्णय गरिएको छ : <br> क) एनसीसी मलेसिया, पोर्चुगल लगायतका देशहरूका पूर्व सहमतिअनुसार नेतृत्व हस्तान्तरण गर्न आह्वान गर्ने । <br> ख) सम्बन्धित सबै पक्षहरूको सहकार्यमा ७ दिनभित्र विद्यमान समस्या समाधान गर्न निर्देशन दिने । |
| बजेट र वार्षिक साधारण सभा | *गैरआवासीय नेपाली संघको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा आसन्न वार्षिक साधारण सभा सम्बन्धमा देहायबमोजिमको निर्णय यस बैठकले गरेको छ :* <br> क) कोषध्यक्षसहितको समुहले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा आसन्न वार्षिक साधारण सभा, एनआरएन डे को लागि प्रस्तावित बजेटलाई बैठकले पारित गरेको छ । |
| एनआरएन दिवस तथा साधारण सभा | *यस वर्षको एनआरएन दिवस भव्य रुपमा मनाउन देहायबमोजिमको निर्णय गरिएको छ :* <br> क) विभिन्न देशस्थित राष्ट्रिय समन्वय परिषद्रूलाई एनआरएन दिवस २०२४ भव्य रुपमा मनाउन र वार्षिक साधारण सभाका प्रतिनिधि तोक्न सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्हरुलाई (एनसीसी) आह्वान गर्ने । <br> ख) साधारण सभाका प्रतिनिधिहरूसहित आगामी वार्षिक साधारण सभामा एकताको सभा आयोजना गर्ने । र त्यसका लागि साथ, समर्थन र सहयोगका लागि सबैलाई आह्वान गर्ने । |
| आर्थिक सहयोगदातालाई धन्यवाद | बैठकमा सहभागी आइसीसी तथा एनसीसी पदाधिकारी र आर्थिक सहयोग दाताहरूलाई धन्यवाद ज्ञापन गरियो । |
| शपथ ग्रहण | यस बैठकका क्रममा केही सदस्यहरूले शपथ ग्रहण गरेका छन् । जसमा प्रकाश दोङ (आयरल्याण्ड)प्रकाश लामा (आयरल्याण्ड, युवा सह-संयोजक, युरोप क्षेत्र) रहनुभएको छ । शपथ ग्रहणको समयसीमा एनआरएन दिवस २०२४ सम्म रहेको पुन: स्मरण गराइएको छ । |

**फणिन्द्र पन्त**
**प्रवक्ता तथा संयोजक सुचना,संचार तथा प्रकाशन समिति**
**अन्तर्राष्ट्रिय समन्वय परिषद्**
**गैरआवासीय नेपाली संघ**